सूर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु विकास शाखा
चोकदे, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोन ९८५१३१६२५८
info@suryagadhimun.gov.np
suryagadhimun@gmail.com
www.suryagadhimun.gov.np

प.सं. ०८०/०८१
च.नं.

मितिः२०८०/१२/२६

## गाईभैसिमा महामारि रुपमा फैलिरहेको लम्पि स्किन रोग सम्बन्धि सूचना ||

हाल नुवाकोट जिल्लाको अन्य केहि पालिकाहरुमा लम्पि स्किन रोग भनि केन्द्रिय पशुपन्छि रोग अन्वेषण प्रयोगशाला,त्रिपुरेश्वर बाट पुष्टि भएको हुदाँ अन्य जिल्ला वा पालिकाबाट यस गाउँपालिका भित्र वा बाहिर गाउँपालिकाको विभिन्न वडाहरुमा समेत एक स्थानबाट अर्को स्थानमा ओसारपसार नगर्न वा नगराउनुहुन साथै उक्त क्षेत्र भित्र रहेका पशुपालक कृषकहरुले तपशिल अनुसार लक्षण,रोगसर्ने तरिका ,उपचार तथा रोगथामका उपायहरु अपनाउन हुन सम्पुर्ण कृषकवर्ग हरुमा सुचित गरिन्छ ।

### मुख्य लक्षणहरुः-

१.उच्च ज्वरो (१०४ डिग्रि फरेनहाईट वा सो भन्दा बढि),
२. कचेरा निकाल्ने, सिगाँन बग्ने, फिँज धेरै निकाल्ने ,खुट्टाहरु सुनिने,
३.शरिरका विभिन्न भागहरुमा (टाउको,घाँटि, कल्चौडा, खुट्टा, अण्डकोष ,पुच्छर ) साना वा ठुला गिर्खाहरु देखिने ।
४.दुध उत्पादन २५-८०% घट्न सक्ने र गर्भतुहिने तथा बाझोपना देखिन सक्ने ।
५.मृत्युदर कम भएता पनि धेरै पशुहरुमा (५-४५%) बिरामी हुन सक्ने ।

### रोग सर्ने माध्यमहरुः-

१. संक्रमित पशुहरुको ओसारपसारबाट,
२. संक्रमित र निरोगी पशुहरुको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कबाट,
३. बाह्य परजिविको (लामखुट्टे , झिंगा ,किर्ना ईत्यादी)को टोकाईबाट ,
४. संक्रमित पशुहरुलाई प्रयोग गरिएको निडिल तथा औजारहरुको प्रयोग स्वास्थ्य पशुमा प्रयोग गरेमा,

### उपचार तथा रोगथामहरुः-

१.यो रोग विषाणुबाट लाग्ने हुनाले यस रोगको ठोस उपचार नभएको हुँदा प्राविधिकको सल्लाह तथा लक्षणका आधारमा उपचार गर्ने ,
२. गोठमा जैविक सुरक्षामा ध्यान दिने,
३. संक्रमित क्षेत्रबाट गाई गोरु भैसी ओसारपसार नगर्ने ,
४. बाह्य परजिविको (लामखुट्टे , झिंगा ,किर्ना ईत्यादी) नियन्त्रण गर्ने र गोठ वरपरको वातावरण निसक्रंमण गरि सफा राखे,
५. रोगी र निरोगी पशुहरु छुट्टाछुट्टै राखे ,थप जानकारीको लागिः-सूर्यगढी गाउँपालिका पशु विकाश शाखा चोकदे,नुवाकोट (९८६५५९८४९२,९८६५७४१८१२,९८४९९००९०,९८६२०१४३९३(वडा नं ५),९७४२५१५४१४(वडा नं १)

shg.
शुशु श्रेष्ठ
पशु शाखा प्रमुख
प.से.प्र.

# सूर्यगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पशु विकास शाखा

चोकदे, नुवाकोट

बागमती प्रदेश, नेपाल

☎ फोन ९८५१३१६२५८

info@suryagadhimun.gov.np

suryagadhimun@gmail.com

www.suryagadhimun.gov.np


प.सं. ०८०/०८१

च.नं.

मिति:२०८०/१२/२६

### लम्पि स्किन रोग विरुद्धको खोप सम्बन्धि सूचना ।।

प्रस्तुत बिषयमा हाल नुवाकोट जिल्लाको अन्य केहि पालिकाहरुमा लम्पि स्किन रोग भनि केन्द्रिय पशुपन्छि रोग अन्वेषण प्रयोगशाला,त्रिपुरेश्वर बाट पुष्टि भएको हुदाँ महामारीको रुपमा पशुहरुमा फैलीने सो रोगको नियन्त्रण तथा रोकथामको लागि पशु सेवा कार्यालय ,ढुंगे नुवाकोटबाट पहिलो चरणमा रोग नलागेका गाई गोरु बाच्छा बाच्छीहरुमा भ्याक्सिन लगाउनको लागि जम्मा ७०० डोज खोप प्राप्त भएकोले आफ्ना रोग नलागेका पशुहरु भएमा यस गाउँपालिकाको तपशिल खोपकर्ताहरुलाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल :-

| क्रस | खोपकर्ताको नाम | सम्पर्क नं | खोप लगाईने क्षेत्र |
|---|---|---|---|
| १ | रामराजा तिवारी | ९८४९९०००९० | वडा नं १,२,३ |
| २ | राजेन्द्र घिमिरे | ९८६०५८४४२८ | वडा नं ४ ,५ |

**नोट :- पहिलो चरणमा खोप लगाउन बाँकि भएका पशुहरुलाई दोस्रो चरणमा समावेश गरिने कृषकबर्गहरुमा जानकारी गरिन्छ ।**

बोधार्थ :-श्री सूचना प्रविधि शाखा ,सुर्यगढ़ी गाउँपालिका (वेभ साईटमा अपलोड गरिदिनुहुन ।)

( शुशु श्रेष्ठ )

पशु. विकास शाखा प्रमुख